# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडा साना किसान कृषि सहकारी केन्द्रीय संघ लिमिटेड, ललितपुरद्वारा रसुवा जिल्लाको धैवुङ्ग र भोर्ले गा. वि. स.मा सञ्चालित अनुसरण कार्यक्रमको व्यवस्थापन हस्तान्तरण गर्ने उद्देश्यले २०६९ जेठ २६ गते रसुवाको धैवुङ्गमा आयोजित कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनु भयो । साना किसान सहकारी संस्थाको व्यवस्थापन हस्तान्तरण कार्यक्रमलाई शुभ कामना मन्तव्य व्यक्त गर्दै गभर्नर डा. खतिवडाले आफू पनि किसान परिवारबाटै हुर्के बढेको व्यक्ति भएकाले कृषकहरुबीच उभिन पाउँदा आफूलाई सधैं गौरवको अनुभूति हुने गरेको वताउनु हुदै कृषकले मेरो पेशा सानो हो , मेरो पैसा सानो हो भन्ने जस्ता विचारलाई त्यागेर आफ्नो पेशामाथि सधैं गौरव गर्नु पर्दछ र विशेष गरी युवाहरुले कृषि  पेशालाई अँगाल्न सक्नु पर्छ भन्ने विचार व्यक्त गर्नु भयो ।




सहरमा बस्ने सबै मानिसहरुले उपभोग गर्ने चिज वस्तुहरु गाउँका किसानहरुले उत्पादन गर्दछन् । तर ती सहरका मानिसहरु किसानलाई कहिल्यै सम्फिदैनन् भन्नु हुदै सबैका अन्न दाता र जीवनदाता ती स्वाभिमानी किसानलाई राज्यले संरक्षण गर्नु पर्दछ भन्ने भावनाले आफू कार्यक्रममा उपस्थित भएको धारणा पनि गभर्नर डा. खतिवडाले सो अवसरमा राख्नुभयो । कृषि व्यवसायमा विभिन्न जोखिमहरु देखिनेहुँदा किसानहरुलाई

बैंकहरुले नपत्याएको हुन सक्ने हँदा यस व्यवसायमा देखिने जोखिमहरुलाई कम गर्न पशु स्वास्थ्य बीमा आदिको व्यवस्था गर्न सकिएमा बैंकहरुले किसानलाई पत्याउने विचार पनि गभर्नर डा. खतिवडाले व्यक्त गर्नु भएको थियो । आफ्नो मन्तव्यको क्रममा गभर्नर डा. खतिवडाले कृषि क्षेत्रलाई हेर्ने दृष्टिकोणमा परिवर्तनको आवश्यकता औंल्याउनु हुदै किसानका समस्या बुझ्न कुनै अप्ठ्यारो नहुने भएकोले राज्यको प्राथमिकता कृषिमा रहेको र यसलाई दातृ निकायले पनि स्वीकारेको विचार राख्नु भयो ।

मुलुकमा ऊर्जा संकट रहेको, १०० जना नेपालीमा ७० जना कृषि पेशामा लागेको, कृषिमा लाग्ने मानिसहरुमध्ये आधाभन्दा बढी साना किसानहरु रहेका, साना किसानहरुसंग जग्गाजमीन थोरै रहेको जस्ता तथ्य उल्लेख गर्दै गभर्नर डा. खतिवडाले जमीन धेरै नभएको किसानको लागि पशुपालन प्राथमिक क्षेत्रको रुपमा रहेको विचार व्यक्त गर्नु भयो । रसायनिक मलमा अनुदान रहेको तर गुईठा बनाउन चाहिने गोवर दिने पशुको सुरक्षा नभएको हुँदा कृषिलाई प्राथमिकता दिनु पर्ने विश्लेषण पनि गभर्नर डा. खतिवडाले सो अवसरमा गर्नु भयो । साथै, गभर्नर डा. खतिवडाले कृषि र ऊर्जामा लगानी गर्न बैंकहरुलाई नेपाल राष्ट्र बैंकले निर्देशन दिई सकेको जानकारी पनि समारोहलाई गराउनु भयो । राष्ट्रिय आम्दानीमा एक तिहाई हिस्सा ओगट्ने कृषिमा बैंक तथा वित्तीय संस्थाहरुको कुल लगानीको ३ प्रतिशत मात्र कर्जा प्रवाह रहेकोले त्यसलाई बृद्धि गरी १० प्रतिशत पुऱ्याउने कार्ययोजना बनाई अघि बढ्न बैंकहरुलाई नेपाल राष्ट्र बैंकले निर्देशन दिईसकेको तथ्यमाथि गभर्नर डा. खतिवडाले प्रकाश पार्नु भयो ।

बैंकहरुलाई ग्रामीण क्षेत्रमा जान निर्देशन दिईसकिएको भन्नुहुदै ग्रामीण क्षेत्रमा शाखा खोल्न बैंकहरुलाई रु. १ करोडसम्मको निर्व्याजी ऋण उपलब्ध गराउने व्यवस्था पनि रहेकोले बैंक शाखाहरु गाउँमा आउने छन् भन्ने विचार पनि उहाँले सो अवसरमा राख्नु भयो । ग्रामीण कृषि क्षेत्रको विकासको लागि उन्नत मल, बिउ, प्रविधि, सिचाई र बजार व्यवस्थाको आवश्यकता पर्ने धारणा राख्नुका साथै ग्रामीण क्षेत्रमा संकलन भएको वचतलाई गाउँमै लगानी गरी गाउँको विकास गर्नु पर्दछ भन्नु हुदै गभर्नर डा. खतिवडाले गाउँमा विकास गर्न पूँजीको अभाव नहोस् भन्नका लागि राष्ट्र बैंकले बैंकहरुलाई निर्देशन दिईसकेको जानकारी पनि दिनु भयो । देशको स्थायी सरकारको रुपमा रहेको निकायहरु मध्येको नेपाल राष्ट्र बैंकको गभर्नरको हैसियतले आफूले किसान र ग्रामीण क्षेत्रको विकासका लागि सधैं प्रयत्न गरिरहने प्रतिवद्धता पनि सो अवसरमा गभर्नर डा. खतिवडाले व्यक्त गर्नु भयो ।

अहिले देशको उन्नतिको लागि सामाजिक आर्थिक सह-अस्तित्वको आवश्यकता रहेको औंल्याउनु हुँदै सहकारीताको माध्यमबाट सामाजिक सद्भाव बलियो बनेको तथ्य स्वीकार्दै गभर्नर खतिवडाले कर्मचारी र राजनीतिक क्षेत्रले पनि सहकारीबाट सामाजिक सद्भाव कायम राख्न सिक्नु पर्ने विचार पनि सो अवसरमा राख्नु भयो । मन्तव्यको अन्त्यमा गभर्नर डा. खतिवडाले सहकारी र किसानको क्षमता बलियो रहेकोले कार्यक्रम विस्तार हुनुका साथै १-२ वर्षमा रसुवामा ५० भन्दा बढी सहकारी संस्था गठन भएको सुन्न पाइयोस् भन्दै साना किसान लगायत अन्य सहकारी संस्थाहरुको उज्ज्वल भविष्यका लागि शुभकामना व्यक्त गर्नु भयो ।

यसैगरी, कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्दै नेपाल कृषि सहकारी केन्द्रीय संघ तथा साना किसान विकास बैंकका अध्यक्ष खेमबहादुर पाठकले नेपाल राष्ट्र बैंकको गभर्नर जस्तो उच्च पदस्थ व्यक्तिलाई प्रमुख अतिथिको रुपमा आफ्नो गाउँ, समाज तथा कार्यक्रममा पाउँदा साना किसान सहकारीलाई रसुवाका सबै गा. वि. स.मा आफ्नो सेवा पुऱ्याउन हौसला प्राप्त भएको विचार व्यक्त गर्नु भयो । उहाँले साना किसान सहकारी संस्थाले विशेषगरी मासु तथा तरकारीजन्य व्यवसायमा ऋण प्रवाह गर्ने गरको बताउनु हुदै

ग्रामीण किसानहरुको लागि सहकारी वित्तीय श्रोतको भरपर्दो र सहज माध्यमको रुपमा लोकप्रिय रहेको धारणा राख्नु भयो । बैंकहरुमा सोझा र सरल गरीब किसानको पहुँच नभएकोले सहकारी संस्थाहरुको कार्यक्रम अगाडि बढेको विचार पनि उहाँले व्यक्त गर्नु भयो । साथै, उहाँले बैंकहरुले साना किसानहरुलाई नपत्याएको हुनाले साना किसान सहकारीलाई थोक कर्जा दिने उद्देश्यले साना किसान विकास बैंकको स्थापना भएको भनाई राख्दै रु. १५/२० करोडको कारोवार गर्ने साना किसान भएपछि बैंक किन चाहियो भनी प्रश्न गर्नु भयो । साथै, साना किसान सहकारीले गर्दा घर-घर र समाजका आर्थिक गतिविधिमा महिलाको सहभागिता बढेको र उनीहरुको निर्णय क्षमतामा बृद्धि भएको विचार पनि व्यक्त गर्नु भयो । सहकारीले विकासको मूल प्रवाहमा समाहित हुन नसकेका महिला, तराईका चमार, जंगलका राउटे, विदेशमा गई दुःख पाएर फर्केका नेपाली युवा लगायत सबैलाई ऋण उपलब्ध गराएर आत्मनिर्भर र स्वावलम्बी बनाएको धारणा पनि अध्यक्ष पाठकले राख्नु भयो । समाजका सबै मानिसको खर्च बढेको र त्यस खर्चलाई धान्न पर्याप्त आम्दानीको आवश्यकता पर्ने हुंदा आम्दानी बढाउन व्यवसायमा लाग्नु पर्ने बताउनु हुँदै उहाँले व्यवसाय गर्न साना किसान सहकारीले सिकाउने हुँदा सहकारीमा आई सदस्य बन्न पनि सम्पूर्ण किसान तथा युवालाई आग्रह गर्नुभयो ।

कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्दै साना किसान विकास बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत जलनकुमार शर्माले कार्यक्रममा जन समुदायको अपार उपस्थितिले सबैबीच गाढा र प्रगाढ सम्बन्ध रहेको पुष्टि गरेको उल्लेख गर्दै रसुवामा विकासको सुरुआत भएको धारणा राख्नु भयो । साथै, साना किसान सहकारी संस्था धैवुङ्ग र भोर्ले दुबै संस्था साना किसान विकास बैंकसंग कारोवार गर्न सक्षम छन् भन्ने देखिएको धारणा पनि उहाँले राख्नु भयो । उहाँले विकास भन्ने कुरा आफैले गर्नु पर्दछ भन्नहुदै भविष्यमा सम्पर्ण घर धुरीलाई संस्थामा समेट्नु पर्दछ भन्नु भयो । सहकारी संस्थाको हस्तान्तरण कार्यक्रमबाट स्थानीय किसान र साना किसान विकास बैंकको बीचमा अझ बढी सम्बन्धको विकास भएको धारणा पनि प्रमुख कार्यकारी अधिकृत शर्माले राख्नु भयो । ग्रामीण क्षेत्रको विकासको लागि त्यस क्षेत्रमा पैसा पुग्नु पर्ने र पैसा पुग्न संस्था बलियो हुनु पर्ने धारणा पनि उहाँले राख्नु भयो । साना किसान सहकारी संस्था भोर्ले र धैवुङ्गले आफ्ना सदस्यहरुलाई बलियो बनाउनुका साथै अन्य जनसमुदायलाई पनि समेट्नु पर्ने धारणा राख्दै नेपाल राष्ट्र बैंकका गभर्नरज्यूको उपस्थितिको लागि धन्यवाद व्यक्त गर्नु भयो ।

कार्यक्रम साना किसान सहकारी संस्था भोर्लेका अध्यक्ष टीका प्रसाद देवकोटाको सभापतित्वमा सम्पन्न भएको थियो भने कार्यक्रममा स्वागत मन्तव्य साना किसान सहकारी संस्थाका उपाध्यक्ष सीता अधिकारीले गर्नु भएको थियो । कार्यक्रममा स्थानीय समाजसेवी साधुराम पौडेलले पनि मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रममा अतिथिहरुको स्वागतको लागि तामाङ्ग जातिको झांक्री नाच, पंचे बाजा, भजन नाच तथा गीतहरु पनि प्रस्तुत गरिएका थिए । कार्यक्रममा प्रमुख अतिथि गभर्नर डा. युवराज खतिवडाले साना किसान सहकारी संस्था धैवुङ्ग र भोर्लेका अध्यक्षहरु क्रमसः विष्णुप्रसाद पौडेल र टीकाप्रसाद देवकोटा तथा नेपाल कृषि सहकारी केन्द्रीय संघका महा प्रबन्धक रुद्र भट्टराईलाई प्रमाणपत्र वितरण गर्नु भएका थियो । कार्यक्रममा साना किसान सहकारी संस्था धैवुङ्ग र भोर्ले तथा साना किसान विकास बैंकबीच पनि त्रिपक्षीय सम्झौतापत्रको आदान प्रदान पनि भएको थियो । कार्यक्रममा सर्वसाधारण, शिक्षक, विद्यार्थी, नेपाल सरकारका स्थानीय निकायका प्रतिनिधि, समाजसेवी, राजनीतिक दलका प्रतिनिधि, नेपाल प्रहरी, पत्रकार लगायतको भव्य उपस्थिति रहेको थियो । साथै साना किसान सहकारी संस्थाको तर्फबाट प्रमुख अतिथि तथा अतिथिहरुलाई मायाको चिनोहरु पनि प्रदान गरिएको थियो ।



साना किसान सहकारी संस्थाहरुको हस्तान्तरण कार्यक्रम अघि नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडा लगायतको भ्रमण टोलीले धादिङ्ग र नुवाकोट जिल्लास्थित साना किसानहरुद्वारा सञ्चालित व्यावसायिक परियोजनाहरुको अवलोकन पनि गर्नु भएको थियो । यस क्रममा धादिङ्ग जिल्लाको नौविसेमा कृषक हेमलाल श्रेष्ठले गरेको ग्ल्याडियस जातको फूल खेती, धादिङ्गकै नाविसेस्थित नौविसे साना किसान कृषि सहकारी संस्था लि., धादिङ्गकै नौविसेमा कृषक जनकप्रसाद रिजालद्वारा गरिएको घ्यूकुमारीको खेती, नुवाकोट जिलिङ्गस्थित माछापालन, गाईपालन र कोल्ड स्टोरेजको पनि गभर्नर डा. खतिवडाले अभिरुचिपूर्वक अवलोकन गर्नु भयो । गभर्नर डा. खतिवडाले नुवाकोटको जिलिङ्गमा शुरु गरिएको माछापालन व्यवसायको  उद्घाटन पनि गर्नु भएको थियो । अवलोकन भ्रमणका क्रममा किसानहरुले सरल र सहज ऋण, उन्नत मल, बिउ, सिंचाई, दूध चिस्यान केन्द्रको स्थापना गर्न सरकारको पूँजीगत अनुदान, कृषि बिउमा लाग्ने कर हटाउनु पर्ने, स्थानीय स्तरमा बैंक शाखाको उपस्थिति बढाउनु पर्ने, कृषि प्राविधिकको दरबन्दी थप गर्नु पर्ने सुझाव गभर्नर डा. खतिवडा समक्ष अनुरोध गरेका थिए ।

२०६९ जेठ २८ गते आईतबार

गभर्नरको कार्यालय